नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं जेठ १६ गते, २०६२ साल (संख्या ७

भाग ३

श्री ५ को सरकार

स्थानीय विकास मन्त्रालयको सूचना

श्री ५ को सरकारले स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम १४३ ले दिएको अधिकार प्रयोग गरी उक्त नियमावलीको अनुसुची ९१ र ९३ को सट्टा देहायको अनुसूची ९१ र ९३ राखी हेरफेर गर्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ।

अनुसूची -९१

(नियम ५१ को उपनियम (१) को खण्ड (ख) संग सम्बन्धित)

जिल्ला विकास समितिको खर्चको वर्गिकरण र व्याख्या

चालु खर्च

रकम नं.	खर्च शीर्षक	वर्गीकरणको आधार वा व्याख्या
१	उपभोग खर्च	
१.०१	तलव	
१.०१.१	तलव कर्मचारी	निर्धारित नियम बमोजिम भर्ना गरिएका कर्मचारीहरुले सेवा गरे वापत पाउने तलव, कर्मचारी संचयकोष तथा वार्षिक ग्रेड वृद्धि तथा प्रोत्साहित पुरस्कार सम्बन्धी खर्च। छोटो अवधिका लागि दरवन्दी स्वीकृत भएका पदमा काम गरे वापतको ज्याला खर्च, मेहनतना र पारिश्रमिक खर्च। सचित घर विदा र विरामी विदा, सट्टा विदा र दशै खर्च वापतको रकम। अवधि तोकी करार सेवामा नियुक्त हुनेले पाउने पारिश्रमिक।
१.०१.२	पदाधिकारी पारिश्रमिक	स्थानीय निकायका पदाधिकारीले नियमानुसार पाउने पारिश्रमिक सम्बन्धी रकम
१.०१.३	कर्मचारी कल्याण कोष	कर्मचारी कल्याण कोष सम्बन्धी खर्च
१.०१.४	वीमा प्रिमियम	कर्मचारीहरुको वीमा प्रिमियम वापतको खर्च
१.०२	भत्ता	
१.०२.१	कर्मचारी भत्ता	दुर्गम स्थान भत्ता, अतिरिक्त समय भत्ता आदि
१.०२.२	पदाधिकारी भत्ता	पदाधिकारीले पाउने भत्ता खर्च
१.०२.३	वैठक भत्ता	जिल्ला विकास समितिको वैठकमा सहभागी हुनेले पाउने वैठक भत्ता

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१.०३	सरुवा भ्रमण खर्च तथा दैनिक भत्ता	एक कार्यालयबाट अर्को कार्यालयमा सरुवा भएको वा दरवन्दी यथास्थानमा राखी काज सरुवा भएको कर्मचारी र निजले नियमानुसार लैजान पाउने परिवारको निर्धारित दरमा सवारी खर्च र पैदल हिडे वापत पाउने भ्रपण खर्च । त्यस्तै हवाई यात्रा गर्दा लाग्ने हवाई उडान कर, भ्रमण सम्बन्धी बीमा खर्च र श्री ५ को सरकारबाट स्वीकृत भ्रमण सम्बन्धी फुटकर खर्चहरु र सरकारी काममा सरुवा भै जाने कर्मचारी वा व्यक्तिले पाउने निर्धारित दररेटको भत्ता ।
१.०४	पोशाक	प्रहरी, दमकल, कर्मचारीहरुलाई दिने पोशाक खर्च र विदेश जादा, परिषदले तोकेको पदाधिकारी तथा अन्य कर्मचारीको लुगा भत्ता
१.०५	खाद्यान्न तथा आहार	प्रहरी, दमकल, कर्मचारीहरुलाई दिईने खाद्यान्न सुविधाको रकम र जनावर पशु पक्षिको आहार सम्बन्धी खर्च
१.०६	औषधि उपचार	कर्मचारीहरुलाई दिने औषधि उपचार वापतको खर्च रकम
१.०७	सेवा निवृत्त सुविधा	सेवा निवृत्त कर्मचारीहरुलाई दिइने उपदान र अन्य रकम
१.०८	तालिम कार्यक्रम खर्च	कर्मचारीहरुको वृत्ति विकास र क्षमताको लागि दिइने तालिम, गोष्ठी, कार्यशाला संचालन वापतको खर्च
२	कार्य संचालन र सेवा खर्च	
२.०१	पानी तथा बिजुली महशुल	कार्यालयमा जडान भएको धारा तथा बिजुली प्रयोग गरे वापत तिर्नु पर्ने महसुल तथा जडान खर्च एवं यस सम्बन्धी सुविधा खर्च
२.०२	संचार महशुल	टेलिफोन, टेलिग्राम, ट्रंकल, टेलेक्स, इन्टरनेटको महसुल खर्च, वेभसाइट वापतको खर्च, कम्प्यूटर, फयाक्स प्रयोग गरे वापत तिर्नु पर्ने महशुल र यस्तै अन्य संचार सम्बन्धी खर्चहरु एवं यस सम्बन्धी सुविधा खर्च
२.०३		कार्यालय सम्बन्धी खर्च अर्न्तगत देहायका खर्चहरु पर्दछन :- (क) चिठ्ठी, पार्सल टिकट खर्च, रजिष्ट्री, फिर्ती रसिदको खर्च, कुरियर खर्च । (ख) सरकारी सूचना, लि लाम, ठेक्का पट्टा, घटाघट, वढावढ सम्बन्धी सूचना प्रकाशनको खर्च । (ग) बैंक दस्तुर, क्षतिपूर्ति र अन्य यस्तै सेवा खर्च । (घ) कार्यालयको दैनिक प्रयोगमा ल्याइने कागज, खाम, फाराम, रेकर्ड फाइल, स्टेपलर, पन्चिङ्ग मेसिन जस्ता मेशिन र यिनका लागि चाहिने आवश्यक अन्य सामानहरु, कलम, मसी, पेन्सिल आदि जस्ता कार्यालय सम्बन्धी स्टेशनरी सामानहरुको मोल । (ङ) एक वर्ष भन्दा कम टिकाउ हुने अरु कार्यालय मालसामानहरु र सुरक्षाका मेशीनरी औजारका लागि आवश्यक ससाना सहयोगी सामग्री आदि, एक वर्ष भन्दा वढी टिकाउ हुने तर प्रति इकाई रु.एक हजार भन्दा कम मूल्यका अरु कार्यालय मालसामानहरुको खर्च । (च) कार्यालयका लागि आवश्यक छपाईका खर्च । (छ) पत्रपत्रिका तथा कार्यालय प्रयोगका पुस्तक सम्बन्धी खर्च । (ज) सरकारी सामान जस्तै गाडी, मेशीनरी उपकरण, भवन आदिको बीमा खर्च । (झ) सरकारी प्रयोगका सामानको ढुवानी खर्च ।
२.०४	भाडा	कार्यालयको लागि भाडामा लिइएको घर, जग्गा, गोदाम, मेशिन, सवारी साधन तथा अन्य यस्तै पूंजीगत सम्पत्ति प्रयोग गरे वापत को भाडा खर्च । प्रमुख र उपप्रमुखको निमित्त लिएको घरभाडा वापतको खर्च ।
२.०५	मर्मत तथा सम्भार	यस रकम भित्र सामान्यतया नियमित रुपमा कार्यालयमा प्रयोगका पूँजीगत सामानहरुको मर्मत सम्भार गर्न चाहिने सामान र ज्याला खर्चहरु पर्दछन । जस्तै सवारी साधन, मेशिन, उपकरण, फर्निचर, घर तथा गोदाम आदिको मर्मत सम्भार खर्च पर्दछ । तर सवारी साधन वा मेशिनरीको आयू वृद्धि हुने गरी फेरिएको पार्टपूर्जाको खर्च पूंजीगत खण्डको सम्वन्धित शीर्षकमा राख्नु पर्नेछ ।
२.०६	इन्धन तथा अन्य इन्धन	
२.०६.१	सवारी इन्धन (पदाधिकारी)	पदाधिकारीहरुलाई प्रदान गरिएको सवारी सुविधाका लागि भएको इन्धन खर्च ।
२.०६.२	सवारी इन्धन (कर्मचारी)	कर्मचारीले सुविधा स्वरुप पाएको वा कार्यालयमा प्रयोग गरिएको सवारी साधनमा लागेको इन्धन खर्च ।
२.०६.३	अन्य इन्धन	प्रशासकीय कार्यमा प्रयोग हुने मट्टितेल, अन्य इन्धन खर्च र सबै प्रकारका व्याट्रीहरु ।
२.०७	परामर्श तथा अन्य सेवा शुल्क	

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.०७.१	परामर्श शुल्क	पूंजीगत निर्माण अन्तर्गत नपरेका वा त्यस्तो निर्माणसँग सम्बन्धी नभएका अध्ययन अनुसन्धान गराए वापतको खर्च, विशेषज्ञ, सल्लाहकार आदीको पारिश्रमिक । कार्यालय भवन सरसफाई गर्ने, प्राथमिक स्वास्थ्य सेवाको सुविधा, सवारी चलाउने, टेलिफोन, फ्याक्स, कम्प्यूटर, फोटोकपी मेशिन जस्ता सामानहरुको सम्भार आदी कार्यको सेवा करारमा वा पटके रुपमा प्राप्त गरे वापत दिईने सेवा शुल्क ।
२.०७.२	सरसफाई तथा अन्य सेवा श	सरसफाई वापतको खर्च ।
२.०७.३	सडक वत्ती जडान	सडक वत्ती जडान वापतको खर्च
२.०८	विविध खर्च	
२.०८.१	सदस्यता शुल्क	जिल्ला विकास समिति सदस्य भएको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थालाई कानूनत तिर्नु पर्ने सदस्यता शुल्क
२.०८.२	आर्थिक सहायता	स्थानीय स्वायत्त शासन ऐन, २०५५ तथा स्थानीय स्वायत्त शासन नियमावली, २०५९ अनुसार दिईने आर्थिक सहायताको रकम
२.०८.३	पुरस्कार	पुरस्कार वापत दिईने रकमको खर्च
२.०८.४	परिषद संचालन खर्च	परिषद संचालन सम्बन्धी खर्च
२.०८.५	विविध खर्च	यस बजेट रकम भित्र देहायका खर्चहरु पर्दछन : (क) स्वीकृत भएका मनोरन्जन, प्रदर्शन, चियापान र भोजहरु सम्बन्धी खर्च । (ख) प्रतिनिधि मण्डलको स्वागत खर्च र अतिथि सत्कार खर्च । (ग) पर्व पुजा आजा खर्च । (घ) विदेश भ्रमणको स्वीकृत भैपरी खर्च । (ङ) अन्य कुनै खर्च शीर्षकमा नपरेको विविध खर्च ।
३	अनुदान	
३.०१	सहकारी संस्था / व्यवसायिक संघ सस्थालाई अनुदान	सहकारी संस्था तथा व्यवसायी संघ सस्थालाई दिइने संचालन अनुदान सम्बन्धी खर्च ।
३.०२	स्थानीय निकाय अनुदान	यस अन्तर्गत श्री ५ को सरकारबाट स्थानीय निकायहरुलाई प्रदान गरिने संचालन अनुदान सम्बन्धी खर्चहरु पर्दछन ।
३.०२.०१	नगरपालिका/गाउं विकास समिति अनुदान	न.पा./गा.वि.स. लाई दिने अनुदान वापतको संचालन सम्बन्धी खर्च रकम
३.०२.०२	उपभोक्ता समिति अनुदान	उपभोक्ता समितिलाई दिने अनुदान वापतको संचालन सम्बन्धी खर्च रकम
३.०२.०३	गरसरकारी संस्था/क्लब अन	गैर सरकारी संस्था र क्लवहरुलाई दिने अनुदान वापतको संचालन सम्बन्धी खर्च रकम
३.०३	अनुदान	
३.०३.०१	शिक्षा क्षेत्र अनुदान	शिक्षण संस्थाहरुलाई दिने संचालन अनुदान सहायता रकम
३.०३.०२	स्वास्थ्य अनुदान	स्वास्थ्य संस्थाहरु, अस्पतालहरुलाई दिइने संचालन अनुदान सम्बन्धी खर्च रकम
३.०३.०३	अन्य सामाजिक क्षेत्र अनुदान	अन्य सामाजिक क्षेत्र सम्बन्धी संघ संस्थाहरुलाई दिइने संचालन अनुदान रकम
३.०४	सामाजिक सुरक्षा अनुदान	जेष्ठ नागरिक, असहाय विधवा, अपाङ्ग वा राज्यले दायित्व व्यहोर्ने निर्णय गरेको व्यक्तिलाई प्रदान गरिने आर्थिक सहायता वा अनुदान रकम ।
४	सेवा तथा उत्पादन खर्च	
४.०१	उत्पादन सामग्री सेवा	कच्चा पदार्थ तथा अन्य मालसामान आदि खरिद गरी त्यसमा थप भएको श्रम तथा उत्पादनसंग सम्बन्धित अन्य खर्च समेत प्रत्यक्ष रुपमा समावेश भै उत्पादित वा प्राप्त सामान पछि विक्री वितरण गर्दा नगद प्राप्त हुने खालका सामानको मूल्य जस्तै : जिल्ला विकास समितिले संचालन गर्ने आयमूलक कार्यक्रमका लागि चाहिने उत्पादन सामग्री तथा सेवा प्राप्त गर्दा लाग्ने खर्च ।
४.०२	औषधि	यस खर्च शीर्षकमा अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, आयुर्वेद औषधालय आदी जस्ता निकायबाट प्रदान गरिने वा विरामीको उपचारमा प्रयोग हुने औषधि खरीद सम्बन्धी खर्च पर्दछ ।
४.०३	पुस्तक तथा सामग्री	यस खर्च शीर्षक अन्तर्गत सार्वजनिक विद्यालयले निशुल्क रुपमा वितरण गर्ने पाठ्य पुस्तक, खेलकुद तथा शैक्षिक सामग्री, सार्वजनिक पुस्तकालय प्रयोजनको लागि खरिद भएको पुस्तकको खर्च पर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४.०४	कार्यक्रम खर्च	यस अन्तर्गत सार्वजनिक गोष्ठी, सार्वजनिक रुपमा दिइने आय आर्जन, सीप विकास सशक्तिकरण, चेतना जागरण जस्ता तालिम संचालन खर्च, चेतनामूलक सूचना तथा विज्ञापन खर्च, सेवाग्राही वर्गलाई सेवा दिदा लाग्ने श्रोत व्यक्तिको भत्ता, राज्यबाट सचालित मठ मन्दिरहरुको पुजा पाठ यज्ञ जप आदि कामको लागि लाग्ने खर्च जस्ता खर्चहरु पर्दछन् ।
४.०५	कार्यक्रम भ्रमण खर्च	
४.०५.१	कार्यक्रम भ्रमण खर्च(पदाधिकारी)	सरकारी कामको सिलसिलामा भ्रमण गर्नु पर्दा वा कार्यक्रम कार्यान्वयनको सिलसिलामा पदाधिकारीहरु काममा खटिदा लाग्ने भ्रमण तथा दैनिक भत्ता खर्च ।
४.०५.२	कार्यक्रम भ्रमण खर्च (कर्मचारी)	सरकारी कामको सिलसिलामा भ्रमण गर्नु पर्दा वा कार्यक्रम कार्यान्वयनको सिलसिलामा कर्मचारीहरु काममा खटिदा लाग्ने भ्रमण तथा दैनिक भत्ता खर्च ।
४.०६	निर्मित सार्वजनिक सम्पत्तिको सभार	यस अन्तर्गत निर्माण भै सकेका सार्वजनिक सम्पत्ति जस्तै सडक, पुल, नहर, विद्युत गृह, भवन आदिको नियमित मर्मत सम्भार खर्च तथा त्यस्ता सम्पत्तिको बीमा खर्च समेत पर्दछ ।
९.०१	भैपरी आउने	बजेट तर्जुमा गर्दा किटानीसाथ खर्च शीर्षक तोक्न सम्भव नभएका चालु खर्चहरु सम्बन्धी रकमहरु बजेट तर्जुमा प्रयोजनका लागि मात्रै यस शीर्षकमा प्रस्ताव गर्न सकिनेछ । तर खर्च गर्दा बाँडफाँड गरी सम्बन्धित खर्च शीर्षक अन्तर्गत नै पारी खर्च गर्नु पर्दछ । यो खर्च शीर्षकबाट खर्च गर्ने गरी अख्तियारी वा निकासा दिन वा खर्च गर्न मिल्दैन ।
१२	फिर्ता खर्च	
१२.०१	फिर्ता खर्च	स्थानीय निकायले फिर्ता गर्नु पर्ने कर, मालपोत, दण्ड जरीवाना र अन्य फिर्ता खर्चहरु पर्दछन् ।
	पूँजीगत खर्च	
५	पूंजी ट्रान्सफर खर्च	
५.०१	जग्गा खरिद	जग्गा खरीद र अधिग्रहण सम्बन्धी खर्च र सो वापतको मुअब्जा तथा करहरु ।
५.०२	भवन खरिद	तयारी भवन र त्यसले चर्चेको जग्गा समेत प्राप्त गर्दा लाग्ने खर्च र सो वापतको मुआब्जा र करहरु । तर नयाँ भवन निर्माणको खर्च यसमा समावेश हुदैन ।
६	पूँजी निर्माण खर्च	
६.०१	फर्निचर फिक्चर्स	सरकारी कार्यालयको प्रयोजनको लागि खरीद भएको फर्निचर फिक्चर्सहरुको मोल र यस सम्बन्धी ढुवानी भाडा, बीमा, कर, भन्सार आदि खर्च ।
६.०२	सवारी साधन	सवारीका साधनहरु (जस्तै हवाईजहाज, हेलिकप्टर, जीप, मोटरकार, बस, ट्रक, मोटर साईकल, स्कूटर, साइकल, ढुवानी सम्बन्धी काम गर्ने ट्याक्टर, गाडा तान्ने जनावरहरु: वयल, र घोडा आदि) को मोल । सवारी साधनको इन्जिन नै बदली मर्मत गरेमा सो को मोल र सवारी साधन वा इन्जिन फिकाउँदा लागेको भाडा भरौट, कर, भन्सार बीमा आदि खर्चहरु ।
६.०३	मेसिनरी औजार तथा अन्य उपकरण	विभिन्न किसिमका भारी मेशिनहरु, खेती सम्बन्धी मेशिन र औजारहरु, ट्क्टर, (ढुवानीको काममा प्रयोग हुने वाहेक) जेनेरेटर, ट्रान्सफरमर, कारखानाको सामान, निर्माण सम्बन्धी मेशिन, संचारका सामान, वैज्ञानिक यन्त्र र सामान, नाप तथा तौलको सामान, तस्वीर खिच्ने सामान, प्राविधिक ड्राफ्टीङ्ग सम्बन्धी सामान, कार्यालय मेशिन र औजारहरु जस्तै टाइपराईटर, मिमिओग्राफ, कम्प्यूटर, प्रिन्टर आदि मेशिन र औजारको मूल्य । साथै यस्ता मेशिन औजारहरुको मुख्य भाग नै बदली मर्मत गर्नु परेमा सो को खर्च । यी सबको लागि आवश्यक भाडा भरौट, शुल्क, कर बीमा आदि खर्चहरु ।
६.०४	भवन निर्माण	यस अन्तर्गत भवन, गोठ, टहरा निर्माण गर्न लाग्ने सबै खर्चहरु पर्दछन् ।
६.०५	सार्वजनिक निर्माण खर्च	यस रकम भित्र भवन वाहेकका अन्य सम्पूर्ण निर्माण र पूंजीगत सुधार सम्बन्धी खर्च पर्दछन् । जस्तै राजमार्ग, सडक, पुल, रोपवे, हवाई मैदान, संचार, विद्युत, पानी, नहर, वन, खानी सम्बन्धी आयोजना, आदिको खर्च । साथै निर्माण सम्बन्धी लागत, निर्माण कार्यसँग प्रत्यक्ष सम्बन्धी इन्धन खर्च र नर्सरी निर्माण र वृक्षारोपण जस्ता खर्च पनि पर्दछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६.०६	पूंजीगत सुधार खर्च	यस अन्तर्गत भैरहेको भवन वा पूँजीगत संरचनाको आयु थप हुने गरी गरिने खर्चहरु पर्दछन् । तर संरचनाको क्षमता थप गर्ने वा भएको आकार वा लम्बाई थप गर्न लाग्ने खर्च भवन सम्बन्धी भए ६.०४ र पूँजीगत निर्माण सम्बन्धी भए ६.०५ मा समावेश गर्नु पर्दछ ।
६.०७	अध्ययन तथा पूजीगत प्राविधिक परामर्श सेवा खर्च	यस अन्तर्गत सम्भाव्यता अध्ययन खर्च, सर्वेक्षण, डिजाइन, ड्राइङ्ग खर्च, अन्वेषण उत्खनन र अनुसन्धान सम्बन्धी खर्च, निर्माण कार्यको सुपरिवेक्षण गर्ने कामको प्राविधिक परामर्श सेवा सम्बन्धी खर्चहरु पर्दछ ।
७	लगानी	
७.०१	शेयर लगानी	जिल्ला विकास समितिले वैंक वा अन्य संस्थामा गरेको शेयर लगानी
७.०२	ऋण लगानी	जिल्ला विकास समितिले वैंक वा अन्य संस्थामा गरेको ऋण लगानी
८	पूजीगत अनुदान	
८.०१	सहकारी संस्था तथा व्यवसायी संघ सस्थालाई अनुदान	सहकारी संस्था तथा व्यवसायी संघ सस्थालाई दिइने पूंजीगत अनुदान सम्बन्धी खर्चहरु पर्दछन् ।
८.०२	स्थानीय निकायलाई अनुदान	
८.०२.०१	नगरपालिका/गाउं विकास समिति अनुदान	न.पा./गा.वि.स. लाई दिने अनुदान वापतको पूँजीगत सम्बन्धी खर्च रकम
८.०२.०२	उपभोक्ता समिति अनुदान	उपभोक्ता समितिलाई दिने अनुदान वापतको पूँजीगत सम्बन्धी खर्च रकम
८.०२.०३	गैरसरकारी संस्था/क्लब अनु	गैर सरकारी संस्था र,क्लवहरुलाई दिने अनुदान वापतको पूँजीगत सम्बन्धी खर्च रकम
८.०३	सेवामूलक संस्थालाई अनुदान	
८.०३.०१	शिक्षा क्षेत्र अनुदान	शिक्षण संस्थाहरुलाई दिने पूँजीगत अनुदान सहायता रकम
८.०३.०२	स्वास्थ्य अनुदान	स्वास्थ्य संस्थाहरु, अस्पतालहरुलाई दिइने पूँजीगत अनुदान सम्बन्धी खर्च
८.०३.०३	अन्य सामाजिक क्षेत्र अनुदान	अन्य सामाजिक क्षेत्र सम्बन्धी संघ संस्थाहरुलाई दिइने पूँजीगत अनुदान रकम
९.०२	भैपरी आउने	वजेट तर्जुमा गर्दा किटानीसाथ खर्च शीर्षक तोक्न सम्भव नभएका पूँजीगत खर्चहरु सम्बन्धी रकमहरु बजेट तर्जुमा प्रयोजनका लागि मात्रै यस शीर्षकमा प्रस्ताव गर्न सकिनेछ । तर खर्च गर्दा वॉडफॉड गरी सम्वन्धित खर्च शीर्षक अन्तर्गत नै पारी खर्च गर्नु पर्दछ । यो खर्च शीर्षकबाट खर्च गर्ने गरी अख्तियारी वा निकासा दिन वा खर्च गर्न मिल्दैन ।
१०	सावा भुक्तानी	
१०.०१	आन्तरिक ऋणको सावा भुक्तानी	यस अन्तर्गत आन्तरिक ऋणको साँवा भुक्तानी सम्बन्धी खर्च पर्दछ ।
१०.०२	वाह्य ऋणको सावा भुक्तानी	यस अन्तर्गत वैदेशिक ऋणको साँवा भुक्तनी सम्बन्धी खर्च पर्दछ ।
११	व्याज भुक्तानी	
११.०१	आन्तरिक ऋणको व्याज भुक्तानी	यस अन्तर्गत आन्तरिक ऋणको व्याज भुक्तानी सम्बन्धी खर्च पर्दछ ।
११.०२	वाह्य ऋणको व्याज भुक्तानी	यस अन्तर्गत वैदेशिक ऋणको व्याज भुक्तानी सम्बन्धी खर्च पर्दछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्षेत्रगत बजेट विनियोजन

जिल्ला संकेत	क्षेत्रगत संकेत	नाम	कार्यक्रम संकेत	कैफियत
	०२	साधारण प्रशासन	XXXX	कार्यक्रम संकेत ४ अंकको कायम गर्ने
	०३	राजस्व प्रशासन	XXXX	
	०४	आर्थिक प्रशासन तथा योजना	XXXX	
	०५	न्याय प्रशासन	XXXX	
	०६	वैदेशिक सेवा	XXXX	
	०७	सुरक्षा	XXXX	
	०८	सामजिक सेवा	XXXX	
	०८.०१	शिक्षा	XXXX	
	०८.०२	स्वास्थ्य	XXXX	
	०८.०३	खानेपानी	XXXX	
	०८.०४	वातावरण	XXXX	
	०८.०५	महिला विकास	XXXX	
	०८.०६	अन्य	XXXX	
	०९	आर्थिक सेवा	XXXX	
	०९.०१	कृषि	XXXX	
	०९.०२	सिंचाई	XXXX	
	०९.०३	नापी भूमिसुधार	XXXX	
	०९.०४	पर्यटन	XXXX	
	०९.०५	उद्योग / व्यवसाय	XXXX	
	०९.०६	वन	XXXX	
	०९.०७	सञ्चार	XXXX	
	०९.०८	यातायात	XXXX	
	०९.०९	विद्युत	XXXX	
	०९.१०	अन्य आर्थिक क्षेत्र	XXXX	
	१०	ऋण तथा लगानी	XXXX	
	११	साँवा तथा ब्याज भुक्तानी	XXXX	
	१२	अन्य	XXXX	

माथि उल्लिखित ११ वटा क्षेत्रगत बजेट नियोजन गर्ने र सो अन्तर्गत ४ वटा सम्म संकेतका कार्यक्रम आयोजनाको नाम दिई बजेट विनियोजन गर्ने, लेखाङ्कन गर्ने, प्रतिवेदन गर्ने लगायतका काम गर्ने व्यवस्था मिलाउने ।

जिल्ला संकेतमा : ०१ ताप्लेजुङ्ग, ०२ पाँचथर, ०३ इलाम, ०४ झापा, ०५ सखुवासभा, ०६ तेह्रथुम, ०७ भोजपुर, ०८ धनकुटा, ०९ सुनसरी, १० मोरङ्ग, ११ सोलुखुम्बु, १२ खोटाङ्ग, १३ उदयपुर, १४ ओखल्ढुङ्गा, १५ सप्तरी, १६ सिराहा, १७ धनुषा, १८ महोत्तरी, १९ सर्लाही, २० सिन्धुली, २१ रामेछाप, २२ दोलखा, २३ सिन्धुपाल्चोक, २४ रसुवा, २५ धादिङ्ग, २६ नुवाकोट, २७ काठमाण्डौ, २८ ललितपुर, २९ भक्तपुर, ३० काभ्रेपलान्चोक, ३१ मकवानपुर, ३२ रौतहट, ३३ वारा, ३४ पर्सा, ३५ चितवन, ३६ नवलपरासी, ३७ रुपन्देही, ३८ कपिलबस्तु, ३९ अर्घाखाची, ४० पाल्पा, ४१ गुल्मी, ४२ स्याङजा, ४३ तनहु, ४४ गोरखा, ४५ मनाङ्ग, ४६ लमजुङ्ग, ४७ कास्की, ४८ पर्वत, ४९ बाग्लुङ्ग, ५० म्यादी, ५१ मुस्ताङ, ५२ मुगु, ५३ डोल्पा, ५४ हुम्ला, ५५ जुम्ला, ५६ कालिकोट, ५७ रुकुम, ५८ रोल्पा, ५९ प्यूठान, ६० दाङ, ६१ सल्यान, ६२ बाँके, ६३ बर्दिया, ६४ सुर्खेत, ६५ जाजरकोट, ६६ दैलेख, ६७ कैलाली, ६८ डोटी, ६९ अछाम, ७० बाजुरा, ७१ बझाङ्ग, ७२ दार्चुला, ७३ बैतडी, ७४ डडेल्धुरा र ७५ कन्चनपुर हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूचि- ९२

(नियम ५१ को उपनियम १ को खण्ड (घ) संग सम्बन्धित)

जिल्ला विकास समितिको कार्यालय.....

२०६.....साल .....महिनाको

दैनिक आय दाखिला खाता

| आम्दानीका शीर्षकहरु | | |

मदन विभाग, सिंदुवार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।